# टोखा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

मैजुहिटी, काठमाडौं
बागमती प्रदेश, नेपाल

पत्र संख्या :- ०७७/०७८
चलानी नं : १५० . शि

## प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा विद्यालय सञ्चालन सम्बन्धी सूचना

यस नगरपालिकामा कोभिड १९ को महामारीका कारण विद्यालय तथा शैक्षिक संस्थाहरू बन्द रहेको र विभिन्न वैकल्पिक विधिमार्फत कक्षा सञ्चालन भएको परिस्थितिमा केही विद्यालय तथा शैक्षिक संस्थाबाट अनलाइनमार्फत् कक्षा लिइरहेको अवस्था विद्यमान रहेको कुरा सर्व विदितै छ । नगरको सहरी क्षेत्रमै इन्टरनेटको गुणस्तर कमजोर रहेकोले अनलाइन कक्षा सञ्चालनमा समस्या भइरहेको गुनासो आइरहेको अवस्थामा ग्रामिण क्षेत्रमा यो स्थिति नाजुक छ । अहिले चलिरहेको अनलाइनलगायतका वैकल्पिक कक्षा त्यति प्रभावकारी नभएको भनी सामुदायिक तथा संस्थागत विद्यालयहरुले अनौपचारिक छलफलमा कुरा उठाइरहेको सन्दर्भमा शारीरिक दुरी कायम गर्दै सबै सुरक्षात्मक उपायका साथै स्वास्थ्य सजगता अपनाएर विद्यालय सञ्चालन गर्न सकिने परिस्थिति रहेकाले केही विद्यालयहरुले कक्षा सञ्चालनका लागि अनुमतिका लागि अनुरोध गरेको र स्थानीय तहले यस सम्बन्धमा उपयुक्त निर्णय गर्न सक्ने गरी संघीय सरकारले विद्यालय सञ्चालन सम्बन्धी कार्यढाँचा २०७७ जारी गरेकाले सोको प्रतिकूल नहुने गरी मिति २०७७।०८।१५ को नगर शिक्षा समितिको निर्णयानुसार सबै विद्यालय तथा शैक्षिक संस्थाहरूलाई कार्य योजना पेश गर्न लगाई प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा कक्षा सञ्चालनको लागि व्यवस्थापन समितिलाई अनुमति दिने व्यवस्था गरेको तथा विद्यालयको कार्ययोजनाका साथै निम्न आधार, प्रक्रिया र जिम्मेवारीलाई स्वीकृत गर्ने र सोको जानकारी शिक्षा विकास तथा समन्वय इकाइ तथा जिल्ला सङ्कट व्यवस्थापन केन्द्रलाई गराउने निर्णय भएकोले सो अनुसार गर्न गराउनुहुन सम्बन्धित सबै शैक्षिक संस्थाहरू तथा सरोकारवालालाई जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

अ. कक्षा सञ्चालनका आधार तथा प्रक्रिया :

1. कक्षा सञ्चालन पूर्व तयारी: गेट जाँच, कक्षा वा वर्ग थप, सुरक्षात्मक उपायसहितको पूर्वाधार, उपकरण, जनशक्ति, शिक्षण योजना, सूचना संप्रेषण लगायतको तयारी गर्ने
2. भौतिक रुपमा कक्षा सञ्चालन भएपछि शिक्षक, कर्मचारी तथा विद्यार्थीहरुले अनिवार्य मास्क लगाएर विद्यालय आउनु पर्ने
3. विद्यालयले आपतकालीन मास्क, सेनिटाइजर र साबुन पानीको व्यवस्थापन गर्ने
4. वैकल्पिक विधिलाई थप प्रभावकारी बनाएर वा वैकल्पिक तथा भौतिक कक्षा दुवैको प्रयोग गरेर वा विद्यार्थीको संख्या अनुसार हरेक कक्षाका विद्यार्थीलाई एउटा बेन्चमा एक जना राख्ने गरी वा आलोपालो सिफ्टअनुसार वा कक्षा तथा विद्यालय सञ्चालनको समय छोट्याएर वा कम जोखिम भएको कक्षा वा समूहलाई सहभागी गराई वा हप्तामा दिन बिराएर कुनै कक्षालाई मात्र सहभागी गराएर वा कम्तीमा हप्तामा १/१ दिन कक्षा कोठामा शारीरिक दूरी कायम गरेर वा स्वास्थ्य सजगता अपनाउने अन्य उपायमार्फत विद्यार्थी सिकाइ सहजीकरण गर्ने
5. आलोपालो सिफ्टअनुसार सञ्चालन गर्दा भरसक कक्षा ८ देखि १०/१२ सम्म बिहान, बाल कक्षादेखि कक्षा ३ सम्म दिउँसो १ बजेसम्म र कक्षा ४ देखि ७ सम्म बेलुका कक्षा सञ्चालन गर्न सकिन्छ ।
6. सुरुको हप्तामा एउटा वा केही कक्षाका विद्यार्थीलाई मात्रै बोलाएर शारीरिक दुरी कायम गरी कक्षा सञ्चालन गरी सो अभ्यासबाट अनुभव र सिकाइ हासिल गर्दै अन्य कक्षा र विद्यार्थीलाई लागु गर्न सकिन्छ ।

आ. सरोकारवालाको भूमिका

क. नगरपालिका

१. विद्यालयमा सञ्चालन गरेको क्वारेन्टाइन प्राथमिक स्वास्थ्य केन्द्रमा सार्ने
२. नमूनाका लागि तापक्रममापक यन्त्र, सेनिटाइजर र मास्क उपलब्ध गराउने
३. सङ्क्रमितहरुको परीक्षण तथा ट्रेसिङ गर्ने तथा अन्य सुविधा उपलब्ध गराउने
४. आवश्यकतानुसार स्वास्थ्यकर्मी परिचालन गरी विद्यालयलाई आवश्यक सहयोग गर्ने गराउने
५. वडा तथा शिक्षा शाखामार्फत निर्धारित मापदण्ड अनुसार विद्यालय चलेनचलेको निरीक्षण तथा अनुगमन गरी विद्यालयलाई आवश्यक सल्लाह सुझाव दिने
६. स्थानीय स्तरका सुरक्षा निकाय, शिक्षा विकास तथा समन्वय इकाइ तथा जिल्ला सङ्कट व्यवस्थापन केन्द्रसँग समन्वय गर्ने
७. नगरपालिकाको विद्यालय सञ्चालन गर्ने वा बन्द गर्ने सम्बन्धी सार्वनिक सुचना जारी गर्ने

ख. विद्यालय वा प्र.अ.

१. विपन्न, गरिब बालबालिकालाई मास्क उपलब्ध गराउने
२. गेटमा चेक गर्ने, विद्यार्थीहरुको स्वास्थ्य अवस्था जानकारी लिने र साबुनपानीले हात धुन लगाउने
३. कुनै शिक्षकलाई फोकल पर्सन तोकेर स्वास्थ्य सुरक्षा सम्बन्धी जिम्मेवारी दिने
४. अभिभावकको सुझाव लिई त्यसको निर्णयअनुसार कार्यान्वयन गर्ने
५. विद्यालयमा आगन्तुक तथा निरीक्षक पुस्तिका व्यवस्था गर्ने

शिक्षक

१. प्रत्यक्ष वा वैकल्पिक विधिबाट तोकिएको कक्षा लिने
२. विद्यार्थीहरुलाई गृहकार्य दिने र उनीहरुको प्रश्नको उत्तर चेक गरी फिर्ता गर्ने
३. कक्षा शिक्षकले विद्यार्थीहरुलाई आत्मविश्वास जगाउन र अनुकूलन हुन प्रत्येक दिन २/३ मिनेटको स्वास्थ्य सुरक्षा सम्बन्धी चेतनामूलक सन्देश दिने
४. प्रत्येक कक्षामा स्वास्थ्य सुरक्षा सम्बन्धी मापदण्ड पूरा गर्ने वा गर्न लगाउने
५. कुनै समस्या देखिएमा विद्यालय प्रशासनलाई जानकारी गराउने

विद्यार्थी

१. प्रत्यक्ष रुपमा कक्षामा भाग लिदा अनिवार्य रुपमा मास्क लगाउने
२. कम्तीमा १ मिटरको शारीरिक दुरी कायम गर्ने
३. स्वास्थ्य सतर्कतासाथ प्रत्यक्ष कक्षा सञ्चालनमा भाग लिने वा नियमित रूपमा अप्रत्यक्ष कक्षामा
४. विषय शिक्षकबाट गृहकार्य लिने र समयमै बुझाउने
५. खाजाको व्यवस्था घरबाटै वा विद्यार्थी आफैले गर्ने
६. अस्वस्थ भएमा शिक्षक तथा विद्यालयलाई जानकारी गराउने
७. तोकिएको सिफ्ट वा वर्ग वा माध्यम अनुसारको परीक्षामा भाग लिने

अभिभावक

१. विद्यालय सञ्चालनको लागि सुमधुर सम्बन्ध राखी सहयोग पुर्‍याउने
२. आफ्ना छोराछोरीलाई मास्क लगाई विद्यालय लैजाने र फर्काउने व्यवस्था गर्ने
३. विद्यार्थी अस्वस्थ भएमा विद्यालय नपठाउने र विद्यालयलाई जानकारी गराउने

अन्त्यमा

भौतिक रुपमा विद्यालय सञ्चालन गर्ने कार्य ऐच्छिक हो । हालसम्म वैकल्पिक विधिमार्फत प्रभावकारी सिकाइ सहजीकरण गरिरहेका विद्यालय, शिक्षक तथा विद्यार्थीले त्यसैलाई निरन्तरता दिनु राम्रो हुन्छ । अभिभावकको राय लिई विद्यालयका शिक्षकहरुको छलफलबाट विद्यालयले सञ्चालन कार्य योजना तयार गरी संघीय, प्रदेश तथा स्थानीय सरकारले बेलाबेलामा दिएका निर्देशन पालना गरी स्थानीय स्वास्थ्य निकाय, सुरक्षासम्बन्धी तथा जनप्रतिनिधिसँग निकट सम्बन्ध कायम गर्दै भौतिक रुपमा समेत कक्षा सञ्चालन गर्न सक्ने हुँदा विद्यालय

सञ्चालनसम्बन्धी कार्यढाँचा २०७७ मा स्थानीय सरकारले सो ढाँचाको प्रतिकूल नहुने गरी अनुमति दिन सक्ने भएकाले विद्यालय व्यवस्थापन समितिले कार्ययोजना बनाइ निर्णयानुसार सबै विद्यालयलाई कार्य योजना पेश गर्न लगाई सोका साथै यसमा उल्लेखित आधार र प्रक्रिया अनुसार प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा कक्षा सञ्चालनको लागि व्यवस्थापन समितिलाई अनुमति दिइएको हो ।

बाबुराम गौतम
अधिकृत दशौं